नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा)

फोन:०१-४२००३३१
४२००३३२
www.mofaga.gov.np
सिंहदरबार, काठमाण्डौ ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

प.सं.: ०७६/७७
च.नं.: ५१

२०७६/०८/०९

विषय: लैङ्गिक हिंसा विरुद्धको प्रदेशस्तरीय अभियान कार्यक्रम सम्वन्धमा ।

श्री जि.स.स. प्रमुख/उपप्रमुख (गण्डकी प्रदेश तथा प्रदेश ३) ।
श्री जि.स.स. महासंघ अध्यक्ष ।
श्री नगरपालिका महासंघ अध्यक्ष ।
श्री गाउँपालिका महासंघ अध्यक्ष ।
श्री नगरपालिका प्रमुख/उपप्रमुख (गण्डकी प्रदेश तथा प्रदेश ३) ।
श्री गाउँपालिका अध्यक्ष/उपाध्यक्ष (गण्डकी प्रदेश तथा प्रदेश ३) ।

प्रस्तुत विषयमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको च.नं. ६८ मिति २०७६।०८।०६ को **लैङ्गिक हिंसा विरुद्धको प्रदेशस्तरीय अभियान कार्यक्रम** सम्वन्धी पत्र यसै साथ संलग्न छ । उक्त पत्रबाट व्यहोरा अवगत गर्नु भई सोहि अनुसार गर्ने व्यवस्थाको लागि मिति २०७६।०८।०९ को निर्देशानुसार अनुरोध छ ।

<u>वोधार्थ</u>

श्री सूचना तथा प्रविधि शाखा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - Web-site मा अपलोड गरिदिनुहुन ।

(बन्दना कर्ण)
शाखा अधिकृत

सा.स.मा.पु २१।

नेपाल सरकार
**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**
**(लैंगिक हिंसा निवारण शाखा)**
सिंहदरबार, काठमाण्डौं
फोन नं. :४२००५०२
फ्याक्स : ४२००११६
email:gbvps.mowcsw@gmail.com

पत्र संख्या :- ०७६।७७(लै.हि.नि.)
च.नं. :- ६८

मिति: २०७६/०८/०६

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

दर्ता नं.:- ५६५६
मितिः- २०७६।८।६

विषय :- **लैंगिक हिंसा विरुद्धको प्रदेशस्तरीय अभियान कार्यक्रम सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा प्रत्येक वर्ष २५ नोभेम्बर देखि १० डिसेम्बरसम्म अन्तर्राष्ट्रिय अभियानका रुपमा लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान मनाउने गरिएको छ । यसबीच नेपाल सरकारको मन्त्रिपरिषद्को मिति २०७६/०२/६ को निर्णयानुसार वर्ष २०७६ लाई लैगिंक हिंसा विरुद्धको वर्ष अभियानको रुपमा मनाउने घोषणा भएको व्यहोरा अवगतार्थ अनुरोध छ । **यसै सन्दर्भमा मिति २०७६/०७/१८ देखि २०७६/०८/०९ गतेसम्म लैंगिक हिंसा विरुद्धको प्रदेशस्तरीय अभियान कार्यक्रममा मा. मुख्यमन्त्रीज्यूलाई प्रमुख आतिथ्यताको लागि अनुरोध गर्दछु ।** मा. मूख्यमन्त्रीको विशेष आतिथ्यता र मा. महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीज्यूको अध्यक्षतामा हुने **लैंगिक हिंसा विरुद्धको प्रदेशस्तरीय अभियान कार्यक्रममा** जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुखज्यूहरु, जिल्ला समन्वय समिति महासंघ, नगरपालिका महासंघ र गाउँपालिका महासंघका अध्यक्षज्यूहरु, नगरपालिकाका प्रमुख तथा उपप्रमुखज्यूहरु, गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्षज्यूहरुलाई सहभागी गराईदिने व्यवस्थाका लागि मिति २०७६/०६/२८ गतेको मन्त्रीस्तरीय निर्णयानुसार अनुरोध छ । **उल्लेखित व्यहोराको पत्रमा गण्डकी प्रदेशको कार्यक्रम मिति २०७६/०८/०५ गते र प्रदेश नं. ३ को कार्यक्रम मिति २०७६/०८/०९ गते राष्ट्रिय सभागृहमा हुने भनिएकोमा विशेष कारणवश उक्त प्रदेशका कार्यक्रमहरु स्थगित भई गते देहाय बमोजिमको मिति, स्थान र समयमा हुने गरी तय भएकोले सबै स्थानीय तहका प्रमुख उपप्रमुख, अध्यक्ष उपाध्यक्षज्यूहरुलाई सहभागी गराउने व्यवस्थाका लागि समन्वय गरिदिनु हुन अनुरोध छ।**

तपशिल:

| **प्रदेश** | **कार्यक्रम हुने मिति** | **कार्यक्रम हुने स्थान** | **समय** | **प्रमुख अतिथि** | **समन्वयका लागि सम्पर्क व्यक्ति** |
|---|---|---|---|---|---|
| प्रदेश नं. ३ | २०७६/०८/२२ | राष्ट्रिय सभागृह | बिहान ८:०० देखि ३:०० सम्म | मा. मुख्यमन्त्री डोरमणि पौडेल | उपसचिव, रोशनी देवी कार्की ९८४१६०७३६४ |
| गण्डकी प्रदेश | २०७६/०८/२४ | साइमन पार्टी प्यालेस, पोखरा | बिहान ८:०० देखि ३:०० सम्म | मा. मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङज्यू | उपसचिव, निसानराज गौतम ९८४१५६०७३० |

(रुद्रादेवी शर्मा)
सहसचिव